शिवालय गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमा, जाजरकोट

## बोलपत्र फारम

ठेक्का न- **SRM/NCB/GOODS/2081/082-01**

**ठेक्काको नाम : शिवालय गाउँपालिकाको छेडा खोला र थाला खोलावाट ढुङ्गा, गिट्टी, वालुवा, संकलन, उत्खनन् तथा विक्री वितरण**

प्रमुख प्रशासकीय अधिकृत

**स्थान:** वालुवा घाट छेडाखोल ,तल्लो बडाखेत मोर्कखोला शिवालय १, शिवालय घाट शिवालय ३, सिमा पहिरो घाट शिवालय ३ थाला खोला IEE स्वीकृत घाटहरु ,शिवालय गाउँपालिका भित्र, जाजरकोट

# शिवालय गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सिमा, जाजरकोट
## कर्णाली प्रदेश , नेपाल

**नदिजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**( प्रथम पटक प्रकाशित मितिः २०८१/०५/२४ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (६) र **कर्णाली प्रदेशको** आर्थिक ऐन २०८१ को अनुसूचि **७ क (१)** बमोजिम गाउँकार्यपालिकाले तोकिदिएको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी शिवालय गाउँपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्थ गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा **हिमालय** बैंक लिमिटेड शाखा शिवालयमा रहेको यस कार्यालयको खाता नं. २७३५१९७४२५००७८ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं जमानत वापतको रकम यस कार्यालयको **हिमालय** बैंक लिमिटेड शाखा शिवालयमा रहेको धरौटी खाता नं. २७३५१९७४२५००११ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी **१२०** दिन म्याद रहेको बैंक जमानी पत्र तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु पेश गर्नुपर्नेछ। बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ।

२. मिति २०८१।०६।२३ गते दिनको २ :०० बजे यस कार्यालयमा ठेक्का खोलीने छ।

३. बोलपत्र सम्बन्धी अन्य थप केही कुराहरु बुझ्नु परेमा यस कार्यालयको मोवाईल नं. ९८६९२१३७४३/९८५८०८४५२२, कार्यालयको ईमेल ठेगाना Shibalayamun@gmail.com तथा website: www.Shibalayamun.gov.np मा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् क्षेत्र नाम | उत्खनन परिमाण (घन मि) | न्युनतम ठेक्का रकम ( मू. अ. कर सहित) | धरौटि रकम | बोलपत्र दस्तुर (रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | SRM/NCB/GOODS/2081/082-01 | शिवालय गाउँपालिकाको छेडा खोला र थाला खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा, संकलन, उत्खनन् तथा बिक्री वितरण | वालुवा घाट छेडाखोला शिवालय ९ | ४६७१।३० | ४१९६७४७०६ - (अक्षेरुपी : एकचालीस लाख छयानब्बे हजार सात सय सतचालिस रुपैया छ पैसा मात्र) मु.अ.कर सहित । | कबोल अंकको ५ प्रतिशत | ३,०००।-तीन हजार रुपैया) | ढुंगा, गिट्टी, वालुवा |
| २ | | | तल्लो बडाखेत मोर्कखोला शिवालय १ | ५६०६।४० | | | | ढुंगा, गिट्टी, वालुवा |
| ३ | | | शिवालय घाट शिवालय ३ थालाखोला | ५८२५।४० | | | | ढुंगा, गिट्टी, वालुवा |
| ४ | | | सिमा पहिरो घाट शिवालय ३ थालाखोला | ४९३८।४५ | | | | ढुंगा, गिट्टी, वालुवा |
| जम्मा | | | | २१०४१।५५ | | | | |

## नदीजन्य पदार्थहरु उत्खनन, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा **हिमालय** बैंक लिमिटेड शिवालय जाजरकोटमा रहेको यस कार्यालयको आन्तरीक राजस्व खाता नं. २७३५१९७४२५००७८ मा नगद जम्मा गरेको भौचर साथ निवेदन, खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाई नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

२. बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयका **हिमालय** बैंक लिमिटेड शिवालय जाजरकोटमा रहेको धरौटी खाता नं. २७३५१९७४२५००११ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएका विडवण्ड बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

४. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २ बजे कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. नदीजन्य पदार्थहरु नदीबाट सोझै विक्रि विरतण नगरी घाटगद्दी गरिएको स्थानबाट विक्रि वितरण गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

६. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र ठेक्का कबोल गरेको ५० प्रतिशत रकम, सो रकमको नेपाल सरकारलाई बुझाउनु पर्ने निमयानुसार १३ प्रतिशत मु.अ.कर आन्तरीक राजस्व कार्यालयमा बुझाएको भौचर र बाँकी रकमको हकमा नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकबाट जारी बैंक जमानी पत्र पेश गरी पट्टा उठाउनु पर्नेछ । भने अन्तिम किस्ता वापतको ५० प्रतिशत रकम **२०८२** वैशाख मसान्त भित्र बुझाउनु पर्ने छ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

९. यस गाउँपालिकाको नदी तथा खोलाहरुको उत्खनन क्षेत्र, उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ घ (१) घ (२) र घ (६) मा भएको ब्यवस्था यस सम्वन्धि प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवम् नेपाल सरकारवाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरितहुने गरी कार्य गर्न पाईने छैन । साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१०. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि गाउँपालीकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

११. कर, दस्तुर शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१२. शुल्क उठाउने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१३. ठेकेदारले मासिक रुपमा (१५/१५) दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१४. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा दिएका रायसुझावहरु सम्बन्धित सरोकारवाला सवैलाई आफ्नै तर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक भार ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

१५. विहान सुर्योदय भन्दा अगाडी र सांझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम बिपरित गएमा ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

१६. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, **ढुंगा गिट्टी बालुवा उत्खनन मापदण्ड २०७७** ,शिवालय गाउँपालिका प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन २०८० ,आर्थिक प्रशासन नियमावली २०६४, र नेपाल सरकारका अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१७. खोला तथा नदीको घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सवै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

१८. गाउँपालिका प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँपालिका जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थ उत्खननको एकीकृत परिमाण पनि पेश गर्नुपर्नेछ ।

१९ यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कानून बमोजिम हुनेछ ।

२०. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. प्रचलित नियमानुसार कालो सूचीमा परेका फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

२२. यस गाउँपालिकाले निर्देशन दिई शुल्क नलिने भनि पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम गाउँपालिका बाट माग गर्न पाउनेछैन ।

२३. सूचना वा यस बोलपत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

२४. संकलन केन्द्र तोकिएको स्थान बाहेक अन्य स्थानमा राख्नुपर्ने भएमा गाउँपालीकाको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

२५. निर्माण सामाग्रीहरु उत्खनन र संकलन तथा बिक्री गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनु पर्नेछ ।

२६. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।

२७. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन गाउँपालीकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

२८. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२९. निर्माण सामाग्रीहरु उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च गाउँपालीकामा दावी गर्न पाईनेछैन ।

३०. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ ।

३१. पुल, कलर्भट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मि.भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाईने छैन

३२. मूख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

३३. गाउँपालीका बाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र गाउँपालिका को कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाईनेछैन । यदी कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३४. ठेक्का सम्झौता भएको मितिले भोलिपल्ट देखि २०८२ जेष्ठ मसान्तको सांझ (सूर्यास्त) सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

३५. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरी घाटगद्दी गरेको निर्माण सामाग्रीहरु २०८२ जेष्ठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बांकी रहेमा घाटगद्दी गरिएको सवै स्थानहरुमा रहेको मौज्दात यस गाउँपालीका को कार्यालयबाट स्थलगत अवलोकन गराई प्रमाणित गराउनुपर्नेछ ।

३६. उत्खनन स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी चट्टा (पाइलिङ्ग) बनाउने जिम्मा ठेकेदारको हुनेछ ।

३७. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन ।

३८. निर्माण सामाग्री उत्खनन तथा घाटगद्दी गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा घाटगद्दी गर्नुपर्नेछ ।

३९. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।

- बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति तथा समय २०८१।०६।२३ गते दिनको १२:०० वजेसम्म
- बोलपत्र खोल्ने समय : २०८१।०६।२३ गते दिनको २:०० वजे शिवालय गाउँपालीका, सिमा, जाजरकोट
- बैंकको नाम :- **हिमालय** बैंक लिमीटेड शिवालय, जाजरकोट
- बोलपत्र खरिद गर्दा बुझाउने राजश्वको वैंक खाता नं.२७३५१९७४२५००७८
- बोलपत्रसाथ पेश गर्नु पर्ने धरौटीको बैंक खाता नं. २७३५१९७४२५००११

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.Shibalayamun.gov.np मा समेत हेर्न सकिनेछ ।




मिति : २०८१/ /

श्री प्रमुख प्रशासकिय अधिकृत ,
शिवालय गाउँपालिकाको कार्यालय, सिमा जाजरकोट ।

**विषय : वोलपत्र पेश गरेको सम्वन्धमा ।**

महोदय,

यस कार्यालयको क्षेत्र भित्र रहेको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदिको उत्खनन ,संकलन,बिक्री कर संकलन गर्न आ.व. २०८१/०८२ को लागि ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी ि वोलपत्र आह्वान गरी मिति २०८१।०७।२२ गते प्रथम पटक प्रकासित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु........................... अक्षरुपी .. ..................................................................................मा ठेक्का लिन मञ्जुरी भएकोले धरौटी वापत रु........................... को वैंक भौचर /वैंक जमानी पत्र यसै साथ सम्लग्न राखी सिलवन्दी वोलपत्र पेश गरेको छु ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. र नाम | अवधि | कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |




| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | **SRM/NCB/GOODS/2081/082-01** शिवालय गाउँपालिकाको छेडा खोला र थाला खोलावाट ढुङ्गा, गिट्टी, वालुवा, संकलन, उत्खनन् तथा विक्री वितरण | २०८२ जेठ मसान्त सम्म | | | | |

**बोलपत्र दाताको**

नाम

ठेगाना

बाबुको नाम

बाजेको नाम

फर्मको नामः

सम्पर्क नं.

उमेर :

मिति :

दस्तखत फर्मको छाप